# संघीय संसद
# राष्ट्रिय सभा
## चौथो अधिवेशन
## बैठक - ३१
## सूचना पत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ श्रावण १२ गते आइतबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको एकतीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **दिनको १:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले दिगो विकास तथा सुशासन समितिका माननीय सभापति तारादेवी भट्टलाई दिगो विकास तथा सुशासन समितिको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना र बारपाक सुलिकोट गाउँपालिकाको स्थलगत अवलोकन भ्रमण प्रतिवेदन, २०७६ र दिगो विकास लक्ष्यको स्थानीयकरण सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रियात्मक कार्यक्रमको प्रतिवेदन, २०७६ सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय प्रकाश पन्थ, माननीय जितेन्द्र नारायण देव, माननीय बद्री प्रसाद पाण्डे र माननीय अनिता देवकोटाद्वारा संयुक्त रूपमा दर्ता गरिएको अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा सम्माननीय प्रधानमन्त्री, माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री र माननीय अर्थमन्त्रीको ध्यानाकर्षणका लागि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६७ बमोजिम ध्यानाकर्षण प्रस्ताव दर्ता गर्नुभएको जानकारी गराउनुहुँदै ध्यानाकर्षण प्रस्ताव दर्ता गर्नुहुने माननीय सदस्यहरूको तर्फबाट माननीय प्रकाश पन्थलाई आफ्नो ध्यानाकर्षण प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापालाई उक्त ध्यानाकर्षणको सम्बन्धमा जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले ध्यानाकर्षण प्रस्ताव दर्ता गर्ने माननीय सदस्यहरू मध्ये कुनै माननीय सदस्यले माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापाले ध्यानाकर्षणका सम्बन्धमा दिनु भएको जवाफ उपर स्पष्टीकरण माग गर्न चाहेमा समय उपलब्ध गराउनुहुँदा माननीय बद्री प्रसाद पाण्डेले स्पष्टीकरण माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापालाई माननीय सदस्यले माग गर्नुभएको स्पष्टीकरण सम्बन्धमा स्पष्ट पार्न अनुमति दिनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङलाई "खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथि सदनमा छलफल गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथि समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफा तथा आनुषंगिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त छलफलमा बोल्न चाहने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएकोले उक्त प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ८ सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ८ सम्म उल्लिखित संशोधनहरूलाई "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भएको घोषणा गनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ३२ सम्मका दफालाई "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको निम्न व्यहोराको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

"प्रस्तावना : प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रमाण (दोस्रो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको प्रस्तावना र नाम "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले** स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका अध्यक्षको नेतृत्वमा हालै भएको अविरल वर्षाका कारण बाढी र डुबानबाट प्रभावित जिल्लाहरूको स्थलगत निरीक्षण भ्रमणका सम्बन्धमा सभालाई जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल साउन १६ गते विहीबार दिनको १:०० बजे** बस्ने गरी दिनको **२:०० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव